**नेपाल उद्योग वाणिज्य महासंघ**
**लघु, घरेलु, साना तथा मझौला उद्योग सम्मेलन**
**२०७९ माघ ९ गते, होटल हिमालय**

## अध्यक्षज्यूको मन्तव्य

यस सम्मेलनका प्रमुख अतिथि माननीय अर्थमन्त्री बिष्णु प्रसाद पौडेलज्यू,
विशिष्ठ अतिथि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीज्यू
विशेष अतिथि उद्योग सचिव डा तोया नारायण ज्ञवालीज्यू
IFC Country Representative Babacar Faye
ILO Office in Charge Ms. Joni Simpson
UNICEF Country Director Elke Wisch.
नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालज्यू
महासंघका उपाध्यक्षज्यूहरु, महासंघका कोषाध्यक्षज्यू
यस कार्यक्रम आयोजनाको नेतृत्व लिइरहनुभएका घरेलु तथा साना उद्योग समितिका सभापति डीबी बस्नेतज्यू
महिला उद्यमी बिकास समितिका सभापति रिता सिम्हज्यू
यहाँ उपस्थित महासंघ कार्यकारिणी समितिका सदस्यज्यूहरु
आज आयोजना हुने विभिन्न सत्रका वक्ताज्यूहरु
देशको विभिन्न भागबाट सहभागि हुनुभएका सहभागिज्यूहरु
मिडियाका साथीहरु
महिला तथा सज्जनवृन्द

आकारमा साना तर उत्पादन र रोजगारीमा ठूलो योगदान पुर्‍याउन सक्ने उद्यमी व्यवसायका बिषयमा चर्चा परिचर्चा गर्न हामी आज यहाँ भेला भएका छौ ।

यस क्षेत्रले स्वरोजगारी उत्पादन गरेको मात्र छैन, रोजगारीका अवसर समेत सिर्जना गरेको छ । नेपालमा संचालित ९९ प्रतिशत उद्योग व्यवसाय घरेलु साना एवं मझौला उद्यम छन् । कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.६ प्रतिशत छ । त्यसमा घरेलु तथा साना उद्योगको अंश सबैभन्दा बढि छ ।

यिनै योगदानकर्ताका विविध समस्या र तिनको समाधानका बारे आज हामी चर्चा गर्नेछौ । महासंघलाई सधै आरोप लाग्ने गरेको छ कि हामी ठूला व्यवसायीका मात्र कुरा गर्छौ । तर त्यो सरासर गलत हो ।

हाम्रो आधार नै साना मझौला उद्यमी हुन् । जो देशभर छरिएका छन् । जसले राजश्व बुझाउछन् । उत्पादन बजारमा पठाएर उपभोग सिर्जना गरेका छन् । जसले थप राजश्व बढाएको छ ।

आज यिनै उद्यमी मर्कामा छन् । त्यसैले त सरकारको राजश्व गत बर्षभन्दा १५ प्रतिशत कम उठेको छ । यी व्यवसायीको उत्पादन लागत बढेको छ । मुख्यतया इन्धन र कच्चा पदार्थको मुल्य बढेका कारण लागत बढेको हो । जसले बजार भाउ पनि बढाइदिएको छ ।

हामी उद्यमीलाई समस्या हुँदा सरकारलाई पिरोलेको छ, उपभोक्तालाई पनि दुखेको छ । तर पनि हामी सधै अपहेलित हुनु परेको छ ।

कच्चा पदार्थको मुल्य बढेको छ यसलाई घटाउन पहल होस भन्न के हामीले पाउँदैनौ ? ब्याज बढि भयो यसले सबैतिर असर गरेको छ, त्यसको स्थायित्वका लागि पहल गरिदिनुपर्‍यो भन्दा हामीले के गलत गर्‍यौ ।

साना उद्यमीलाई कर्जा पाउन कठिन भएको छ सहज बनाउनै पर्छ हामी भनिरहन्छौ । गत आर्थिक वर्षमा ३०९ ठूला उद्योग दर्ता भएकोमा ६५ हजार ६९ एमएसएमई उद्योग दर्ता भएका थिए ।

यो संख्या अझ बढन सक्छ । यिनको उत्पादन क्षमता अझ बढन सक्छ । अहिले साना ठूला सबै उद्योगको क्षमता करिब ६० प्रतिशत घटेको छ । महंगो ब्याजले लगानी विस्तार त परेको कुरा भएका उद्यम टिकाउन समेत समस्या भैरहेको छ । त्यसैले यस्ता उद्यमीलाई परियोजनामा आधारित कर्जा उपलब्ध गराउनुपर्ने हाम्रो माग छ ।

माननीय मन्त्रीज्यूको यसअघिको बजेटमा यो बिषय परेको छ । मौद्रिक नीतिमा पनि यो बिषय समेटिएको छ । तर कार्यविधि आएन् ।

माननीय मन्त्रीज्यूको पदवहालसंगै बजारमा उत्साह देखिएको छ । यहाँले बजारलाई चलायमान बनाउन जुन प्रयास गरिरहनु भएको छ त्यो सराहनीय छ । ब्याजदर स्थायित्व र सहज वित्तिय पहुँचमा माननीय मन्त्रीज्यूले थप पहल गर्नुपर्ने देखिन्छ ।

नेपाल राष्ट्र बैंकका अनुसार २०७९ मंसिर मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले ४ खर्ब २३ अर्ब १५ करोड ९५ हजार रुपैयाँ लघु, साना र मझौला औद्योगिक कर्जा लगानी गरेका छन् । जुन बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कुल कर्जाको ८.८६ प्रतिशत हो । यो न्युन हो । यसलाई बढाउन थप पहल आवश्यक छ ।

हामीले परियोजना कर्जाको सम्भाव्यता अध्ययन प्रतिवेदन केन्द्रिय बैंकमा बुझाएका छौ । परियोजना कर्जामा देखिने जोखिम कसरी बाढन सकिन्छ भन्ने सुझाव हामीले दिएका छौ ।

साना उद्यमीको अर्को समस्या हो, बजार सम्मको पहुँच । देशभित्रै पनि ठुला उद्योग संग साना उद्योगलाई जोडन सकिएको छैन् । त्यो बिषयमा पनि हामी आज छलफल गर्दैछौ । सरकारले केहि महंगो भएपनि स्वदेशी उप्पादन खरिद गर्ने नीति ल्याएको धेरै भैसकेको छ । तर कार्यान्वयन हुन सकेको छैन ।

केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय आर्थिक गणना २०१८ अनुसार करिब ५० प्रतिशत उद्योग व्यवसाय दर्ता नभएका छन् । उक्त अध्ययन अनुसार एमएसएमई क्षेत्रबाट १७ लाखले रोजगार पाएका छन् ।

त्यसैले अर्को काम भनेको राष्टिय अर्थतन्त्रमा यी उद्यमहरुको वास्तविक पहिचान स्थापित गर्नु हो । दर्ता गर्दा सरकारी झमेलामा परिने डरले पनि धेरै उद्यमी दर्ता हुन नचाहेको हुनसक्छ ।

कर बुझाउन जाँदा पनि उल्टै दुख पाउने परिपाटि सायद नेपालमा मात्रै छ होला । यसरी कसरी उद्यमशीलता बिकास हुन्छ ? माननीय अर्थमन्त्रीज्यू अहिले राजश्वमा चाप परेको बेला छ । राजश्व प्रशासनलाई सुधार गर्ने हो भने दायरा निक्कै बढनसक्छ । यस तर्फ यहाँको विशेष पहल आवश्यक छ ।

आधुनिक प्रविधी प्रयोग गर्दै बजारको माग अनुसार गुणस्तरिय उत्पादन आपूर्ति गर्न सकियो भने नेपालमा एमएसएमई उद्योगबाट ठूलो आर्थिक उन्नति गर्न सकिने सम्भावना छ ।

तिनै तहका सरकारले लघु, साना र घरेलु उद्योगबाट उत्पादिन बस्तु तथा सेवा खरिद गर्ने नीतिगत व्यवस्था गर्नु पर्छ । यस्तै, दर्ता नगरी संचालित व्यवसायलाई कानूनी दायरामा ल्याउँदा विभिन्न सुविधा र सहुलियत दिनु पर्छ ।

साना उद्यमीलाई सहुलियत दरमा आवश्यक कच्चा पदार्थ उपलब्ध गराउन आवश्यक छ । अनुसन्धान विना लघु, घरेलु र साना उद्योग प्रतिस्पर्धी बन्न सक्दैन् । त्यसैले, नविनतम सोचलाई आर्थिक सहयोग गर्दै नयाँ प्रविधी विकास गर्न अनुसन्धानलाई तिब्रता दिनु पर्छ ।

नेपालमा एमएसएमई क्षेत्रलाई बलियो बनाउनु पर्छ भन्ने राजनीतिक र नीतिगत प्रतिवद्धता नहुँदा प्रभावकारी काम हुन सकेको छैन । जसले गर्दा नेपाली अर्थतन्त्र सुस्त गतिमा अगाडी बढीरहेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघले एमएसएमई क्षेत्रको विकास एवं प्रवर्द्धन गर्नुको साथैं आवश्यक नीतिगत सुधारका लागि सम्बन्धित निकायमा पहल गरिरहेको छ । हाम्रा उद्योग समिति, घरेलु तथा साना उद्योग समिति, महिला उद्यमी विकास समिति र स्टार्टअप तथा इनोभेसन समिति मार्फत अध्ययन अनुसन्धान, पैरवी र अन्य सहयोग उपलब्ध गराउने काम भैरहेका छन् ।

महासंघले तयार गरेको भिजन पेपर, "राष्ट्रिय आर्थिक रुपान्तरण २०३० (नेट २०३०)" मा  उल्लेखित १० वटा मुख्य लक्षित क्षेत्रहरुमध्ये एमएसएमई र स्टार्टपहरुको विकासलाई समेत राखिएको छ । यो क्षेत्रको विकास एवं प्रवर्द्धनका लागि विभिन्न निकायको सहकार्यमा कार्यक्रमहरु संचालन गरिदै आएका छन् ।

५० स्टार्टअप ५० लगानीकर्ता कार्यक्रम हामीले संचालन गरेका छौ । जसले स्टार्ट अपलाई वित्तिय पहुँच र मेन्टरशिप प्रदान गरेको छ । स्टार्ट अप नीति तयार भएको छ । माननीय मन्त्रीज्यूलाई यसलाई पारित गर्न आवश्यक सहयोग उपलब्ध गराइदिन हुन आग्रह गर्दछु ।

महासंघले एमएसएमईहरुको प्रवर्द्धन गर्न एमएसएमई विकास केन्द्र स्थापना गरेको छ । त्यसका लागि महासंघले सरकारी र गैरसरकारी निकाससँग सहकार्य गरिरहेको छ ।

आजको कार्यक्रममा महिला उद्यम समितिको पनि सक्रिय सहभागिता छ । महिलाहरु आर्थिक उपार्जनका क्रियाकलापमा समावेश नभई आत्मनिर्भर हुन सक्दैनन् । महिला उद्यमी लक्षित सुविधा बढाउनुपर्छ र दिइएको सुविधा महिलाहरुसम्म पुगे नपुगेको अनुगमन पनि आवश्यक छ ।

साना तथा मझौला उद्यमीलाई ऐन, नीति तथा कार्यविधिमा भएका व्यवस्थाका बारेमा जानकारी दिनु आजको सम्मेलनको प्रमुख उद्देश्य हो । सम्मेलनमा हुने विभिन्न छलफलबाट स्वदेशी कच्चापदार्थमा आधारित उद्योगले भोग्नु परेका समस्या समाधानका उपाय पहिल्याउने प्रयास गरिने छ ।

सम्मेलनमा निर्यातमुखी उद्योगको आवश्यकता, ऋणको उपलब्धता र वित्तिय पहुँच, वस्तु तथा सेवाका विविधिकरण र उत्पादकत्व बृद्धि जस्ता विषयमा छलफल गर्दै समस्या समाधानको उपाय पहिचान गरिनेछ ।  साना उद्यमीलाई प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीका साथैं आफ्नो क्षेत्रमा सफल उद्यमीले आफुले गरिरहेका काम कारबाहीको विषयमा जानकारी दिनेछन् ।

ठूला र साना उद्योगको अन्तरसम्बन्ध स्थापना, आपूर्ति र मूल्य श्रृंखलाका सम्बन्धको विकासबारे साना उद्यमीलाई जानकारी दिइने योजना छ । नेपाल अतिकम बिकसित मुलुकबाट स्तरोन्नति हुँदा पर्ने प्रभाव न्युनिकरणका बिषयमा पनि आज छलफल हुनेछ ।

यस सम्मेलनबाट एमएसएमई प्रवर्द्धन गर्न बनेका नीति, ऐन, नियम एवं कार्यविधिमा भएका व्यवस्थाहरुबारे सहभागीले जानकारी प्राप्त गर्नेछन् । यस्तै, सम्मेलन एमएसएमई क्षेत्रले सामना गर्नुपरेका समस्या पहिचान गर्दै सम्बन्धित निकायहरुमा समस्या समाधानका लागि पहल गर्न सहयोगी हुनेछ ।

वित्तिय पहुँचका लागि आवश्यक मापदण्ड, कागजात एवं प्रक्रियागत विषयहरुविज्ञहरुले जानकारी दिनुको साथैं विदेशमा एमएसएमई क्षेत्रको विकास एवं प्रवर्द्धनका लागि भए/गरेका प्रयासहरुबारे समेत छलफल हुनेछ ।

साना उद्योगीलेप्रतिष्ठित उद्योग र उद्योगीले आफ्नो क्षेत्रमा प्राप्त गरेको सफलता र अनुभव आदान प्रदान गर्ने अवसर समेत प्राप्त गर्नेछन् ।

त्यसैले म यहाँहरुको सक्रिय सहभागिताका लागि आग्रह गर्दछु । माननीय मन्त्रीज्यूको समयका लागि आभार व्यक्त गर्दछु ।

यहाँले महासंघप्रति देखाउनु भएको सदभावले हामीलाई उर्जा प्रदान हुन्छ । ब्याजदर स्थायित्व र साना उद्यमीको विकास एवं विस्तारमा यहाँको थप सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा, यो सम्मेलन आयोजनागर्न सक्रिय भूमिका निर्वाह गर्नुभएका हाम्रा घरेलु तथा साना एवं मझौला उद्योग समितिका सभापति डीबी बस्नेत ज्यू एवं महिला उद्यमी समितिका सभापति रिता सिम्हज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

सम्भवतः पहिलोपटक साना मझौला उद्यमी लक्षित यो सम्मेलन आयोजना भैरहेको छ । यसलाई हामी बार्षिक कार्यक्रमका रुपमा अगाडि बढाउँदै लग्नेछौं । हाम्रो एसएमइज बिकास केन्द्रबाट पनि यहाँहरुलाई हामी विविध सेवा उपलब्ध गराउने अन्तिम तयारीमा जुटेका छौ ।

यहाँहरुको उपस्थितिका लागि फेरि एकपटक धन्यवाद दिदैं स्वागत गर्दछु । सक्रिय सहभागिताका लागि आग्रह गर्दछु ।

धन्यवाद